श्री

# सुनसरी जिल्ला अदालत

इनरुवा, सुनसरी

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला

फोन नं. ०२५-५६०१९४

फ्याक्स नं. ०२५-५६०९५२

Email: admin.dcsunsari@supremecourt.gov.np

Website: www.supremecourt.gov.np/court/sunsaridc

पत्र संख्याः-०७७/७८

चलानी नं.

प्राप्त पत्र संख्या र मितिः-

मिति-२०७७।०५।०७

## !!सूचना !! !!सूचना !! !!सूचना !!

विश्वव्यापी रुपमा बढ्दै गरेको कोरोना भाइरसको संक्रमण समुदाय स्तरसम्म फैलिएको भन्ने आधारमा मिति २०७७।०४।२१ गते देखि जिल्ला भर यातायातका साधन प्रयोग गर्न र व्यापार व्यवसाय तथा पसल संचालन गर्न मिति २०७७।०५।०७ गते सम्म नपाउने गरी निषेधाज्ञा जारी भएकोमा जिल्ला प्रशासन कार्यालय सुनसरीको मिति २०७७।०४।३२ गतेको निर्णयलाई अर्को आदेश नभएसम्मको लागिमिति २०७७।०५।१४ गते सम्म निरन्तरता दिने गरी यस अदालतबाट प्रवाह हुने सेवामध्ये देहायका सेवाहरु बाहेक अन्य सेवाहरु स्थगन गर्ने निर्णय भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रवाह गरिने सेवाहरू-

क. बन्दीप्रत्यक्षीकरण निवेदन दर्ता सुनुवाई,

ख. सरकारवादी हुने अभियोग पत्र थुनछेक, आदेश, पक्राउपूर्जी अनुमती र जरुरी पक्राउ पूर्जीको समर्थन र म्याद थप,

ग. सजाय निर्धारणको सुनुवाई,

घ. नाबालक अभिभावकको जिम्मा लगाई पाउँ भन्ने सम्बन्धमा निवेदन,

ङ. फैसला अनुसारको लगत राख्ने, कैद लगत दिने र कैद हद सम्बन्धी कार्य,

च. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा (२) बमोजिम आउने निवेदन दर्ता र तत्कालिन कारवाही,

छ. सरकारवादी फौजदारी मुद्दामा प्रहरीद्धारा पक्राउ गरी ल्याएका फरार प्रतिवादीको हकमा थुनछेक प्रकृया प्रारम्भ गर्ने,

२. अदालतबाट कानून बमोजिम गणना हुने हदम्याद, म्याद र तारेखको प्रयोजनका लागी यो बन्दाबन्दीको अवधि २०७७।०५।१४ गते सम्मका लागि शुन्य अवधि मानिने,

३. अन्य कुराहरुको हकमा सम्मानित सर्वोच्च अदालतबाट ०७६-RE-०३९२/०७६-WO-०९४४ मा मिति २०७७।२।१५ मा भएको आदेशानुसार हुने ।

..............................

नगेन्द्रकेशरी पोखरेल

श्रेस्तेदार (उप-सचिव)